LUCRFsuper
Australia's first industry fund
An Industry SuperFund

# सुपरको कुरा गरौं

## सुपरानुएशन भनेको के हो ?

**सुपरानुएशन (सुपर पनि भनिन्छ) भनेको तपाईले काम गर्नु हुँदा पैसा छुट्याएर राखिने एक तरीका हो ताकी तपाई सेवानिवृत्त हुनु भएपछि आम्दानीको लाभ उठाउन सक्नुहुन्छ।**

सुपर फण्ड (कोष) जस्तै एलयुसिआरएफ सुपरले पैसा बढाउन सहयोग गर्न लगानी गर्छ।

जब तपाई सेवानिवृत्त हुनुहुन्छ, तपाईले काम गर्नु भएको अवधिमा जम्मा भएको सुपर उपयोग गर्न पाउनु हुनेछ।

## सुपर कसले दिन्छ ?

तपाईलाई सुपर दिनको लागि योगदान गर्न तपाईको रोजगारदाता कानूनीरुपमा बाध्य हुन्छ। तिनिहरुले न्युनतम योगदानकोरुपमा हाल तपाईको तलवको ९.५% दिनुपर्नेछ।

तपाईले चाहनु भयो भने तपाईको सुपरमा थप पैसा राख्न सक्नुहुनेछ। त्यहाँ उदार कर प्रोत्साहन र सरकारी भुक्तानी जुन तपाईको सुपर बढाउनको लागि डिजाइन गरिएको छ, त्यो पाउनको लागि तपाई योग्य हुन सक्नुहुनेछ।

जति धेरै सुपर तपाईले अहिले छुट्याउनु हुन्छ, त्यति धेरै तपाईले सेवानिवृत्त भएपछि पाउनु हुनेछ।

## किन सुपर त्यति महत्वपूर्ण छ ?

अष्ट्रेलियनको आयु सम्भाव्यता बढ्दै गइरहेकोछ, जसको मतलब अघिल्लो पुस्ताभन्दा तपाईले सेवानिवृत्तीको लागि सायद लामो समयसम्म जम्मा गर्न आवश्यक पर्नेछ।

आरामदायक सेवानिवृत्तिको लागि सरकारी एज पेन्सन मात्रैले तपाईलाई आवश्यक वित्तिय स्वतन्त्रता प्रदान नगर्न सक्छ।

तपाईको सुपर खाता तपाईको हुनसक्ने सवैभन्दा ठूलो सम्पत्ती मध्ये एक हुनसक्नेछ। धेरैजसो मानिसहरुको लागि त्यो ४० वर्षभन्दा बढिको बचत हुन्छ।

---

## अलिकति एलयुसिआरएफ को बारेमा

सन् १९७८ मा स्थापित, हामी अष्ट्रेलियाको पहिलो उद्योग सुपर फण्ड हो।

न्युनतम लागतमा लगातार प्रतिस्पर्धि लाभ तथा उत्कृष्ट सेवा प्रदान गर्ने हाम्रो उद्धेश्य हो।

हाम्रा सदस्यहरु सवै क्षेत्रका छन् र जो कोही सामेल हुनसक्छन्। हाल हामीले १,७०,००० भन्दा बढी सदस्यहरुसङ्ग साझेदारी गरेकाछौं र हाम्रो व्यवस्थापन अन्तर्गत ४.८ विलियन डलर कोषको रुपमा रहेकोछ।

हाम्रा सदस्यहरुको फाइदाको लागि मात्र सन्चालन गरिएको, हामीले तपाईको पहिलो जागिरदेखि सेवानिवृत्ती र त्यसभन्दापछिसम्म मनको शान्ती प्रदान गर्न सक्छौं।

## एलयुसिआरएफ सुपरमा किन सामेल हुने ?

- ✓ कम शुल्क
- ✓ सवल दिर्घकालिन लगानीको लाभ
- ✓ इन हाउस (भित्रैको) सम्पर्क केन्द्र तथा प्रशासन
- ✓ व्यक्तिगत वित्तिय सल्लाह
- ✓ पुरुस्कारप्राप्त सुपर र पेन्सनका उत्पादनहरु
- ✓ लगानी विकल्पहरुका फराकिलो दायरा
- ✓ लचिलो विमा
- ✓ सुरक्षित मोबाइल एप तथा अनलाइन पहुँच



## *सुपरमा तपाईको पहुँच कहिले हुन्छ ?*

त्यो सामान्यतया तपाईको सुपर खातामा रहिरहन्छ जवसम्म तपाई कामबाट सेवानिवृत्त हुनुहुन्न ।

तपाईको सुपरमा तव पहुँच हुन्छ जव:

- तपाई तोकिएको *(प्रिसर्भेशन)* उमेरमा पुग्नुहुन्छ तथा स्थायीरुपमा सेवानिवृत्त बन्नुहुन्छ , वा
- तपाई ६५ वर्ष पुग्नु भएमा (चाहे तपाई सेवानिवृत्त हुनुहोस् वा नहोस्) ।

तोकिएको (प्रिसर्भेशन) उमेर भनेको न्युनतम उमेर हो जव तपाईको सुपरमा पहुँच हुनसक्छ र यो निम्नानुसार सरकारले निर्धारण गर्दछ ।

| जन्म मिती | तोकिएको |
|---|---|
| सन् १/७/६० भन्दा अघि | ५५ |
| सन् १/७/६०-३०/६/६१ | ५६ |
| सन् १/७/६१-३०/६/६२ | ५७ |
| सन् १/७/६२-३०/६/६३ | ५८ |
| सन् १/७/६३-३०/६/६४ | ५९ |
| सन् ३०/६/६४ भन्दा पछि | ६० |

एकपल्ट तपाईको तोकिएको (प्रिसर्भेशन) उमेर पुगेमा, तपाईलाई जागीर जारी राख्ने विकल्प हुन्छ र तपाईको आम्दानीमा थप गराउन सुपरको एक अंश प्राप्त गर्न सकिन्छ ।

विशेष परिस्थितिहरुमा, सरकारले तपाईको सुपर तोकिए भन्दा पहिले नै तपाईलाई दिलाउन सक्नेछ ।

## मदत !

*मेरो एकभन्दा बढी सुपर फन्डस् छ*

एकभन्दा बढी सुपर फण्ड हुनु भनेको तपाईले धेरै पल्ट शुल्क तिर्नु हो ।

बर्षौंपछि यी शुल्कहरु हजारौं डलरमा जम्मा हुनसक्छ र तपाईलाई चाहिने वेलामा हुनुपर्ने भन्दा कम हुन्छ ।

हामीले तपाईको हराएको सुपर खोज्नमा मदत गर्नसक्छौं र तपाईको कोषहरुलाई मिलाउँछौं ताकी तपाईको एउटा मात्र खाता हुन्छ र याद गर्न सकिन्छ ।

*एलयुसिआरएफ सुपर खातामा सारेर तपाईको सुपरको नियन्त्रण गर्नुहोस् ।*

## *एलयुसिआरएफ सुपरको सदस्य म कसरी बन्ने ?*

**मात्र हाम्रो सदस्यको निवेदन फाराम भर्नुहोस् र हामी कहाँ पठाउनुहोस् ।**

यदि एलयुसिआरएफ सुपर तपाईको रोजगारदाताको पूर्वनिर्धारित कोष होइन भने, तव तपाईले हाम्रो सुपर फण्ड छान्ने फाराम पनि भर्नु पर्नेछ र तपाईको रोजगारदातालाई दिनु पर्नेछ ।

तपाईले यी फारामहरु **lucrf.com.au** बाट डाउनलोड गर्न वा **1300 130 780** मा फोन गर्न सक्नुहुन्छ ।



हामीसङ्ग अष्ट्रेलियामा भएका *सवैभन्दा सन्तुष्ट सुपर सदस्यहरु मध्ये केही भएको पछिल्लो अध्ययनले देखाउँछ ।*

रोय मोर्गन रिसर्च, रोय मोर्गन सुपरानुएशन एण्ड वेल्थ रिपोर्ट २०१५


**हामीलाई सम्पर्क गर्नुहोस्**

# 1300 130 780

**mypartner@lucrf.com.au**

**lucrf.com.au**


LUCRFsuper
Australia's first industry fund
An Industry SuperFund


लेबर युनियन को-अपरेटिभ रिटायरमेन्ट फण्ड (एलयुसिआरएफ सुपर) ए बि एन २६ ३८२ ६८० ८८३ को लागि ट्रष्टीकोरुपमा एल.यु.सि.आर.एफ. पार्टि लिमिटेड ए बि एन १८ ००५ ५०२ ०९० ए एफ एस एल द्वारा अप्रिल २०१६ मा जारी । यो सामान्य जानकारी मात्रै हो र तपाईको व्यक्तिगत वित्तिय अवस्था, उद्धेश्यहरु र आवश्यकताहरुको ध्यान नदिई तयार पारिएको हो । सामान्य जानकारी सल्लाह हैन । एलयुसिआरएफ सुपर बारे कुनै निर्णय गर्नु अघि तपाईको व्यक्तिगत वित्तिय अवस्थाको बारे मुल्याङ्कन गर्नुपर्छ । तपाईलाई निर्णयको लागि मदत गर्न हाम्रो हालको प्रडक्ट डिस्क्लोसर स्टेटमेन्ट (पिडिएस) पढ्न सिफारिस गर्छौं जुन वेबसाइटबाट वा हामीलाई फोन गरेर उपलब्ध गर्न सकिन्छ । हाम्रा सदस्यहरु जसले उहाँहरुको फोटो यो जानकारी पत्रमा राख्न अनुमति दिई योगदान दिनु भएकोमा हामी कदर गर्न चाहन्छौं । यो प्रकाशित भएको समयमा उहाँहरुले दिनु भएको अनुमति फिर्ता लिनु भएको छैन ।